# स्थानीय राजपत्र

## छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

खण्डः ८ संख्याः२ मितिः २०८१/०९/१४

भाग - २

## छत्रकोट गाउँपालिका, गुल्मीको सूचना

## छत्रकोट गाउँपालिकाको जिपलाईन सम्बन्धी कार्यविधि, २०८१

**कार्यपालिकावाट स्वीकृत मितिः-२०८१।०९।११**

# छत्रकोट गाउँपालिकाको जिपलाईन संचालन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना**

नेपाल पर्यटकीय प्रचुर सम्भावना बोकेको देश हो। आर्थिक विकासको एक प्रमुख खम्बाको रुपमा रहेको पर्यटन क्षेत्रको प्रवर्द्धन मार्फत् मुलुकको आर्थिक विकास गर्न सकिन्छ। छत्रकोट गाउँपालिका आफैमा हरियाली पहाडको काखमा प्राकृतिक शौन्दर्यले भरिपूर्ण हुनुका साथै विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक विशेषताले सुसज्जित रहेको छ। यस क्षेत्रमा पर्यटन प्रवर्द्धन मार्फत् आन्तरिक तथा बाह्य पर्यटकहरु भित्राउन र समग्र गाउँपालिकाको आर्थिक गतिविधीलाई चलायमान बनाई आर्थिक विकास गर्न साहासिक पर्यटन अन्तर्गतको साहासिक खेल छत्रकोट जिपलाईन निर्माण गरिएको छ। गाउँपालिका द्वारा निर्माण भएको छत्रकोट जिपलाईनलाई व्यवस्थित तरिकाले संचालन गर्न वाञ्छनीय भएकोले,
स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकावाट मिति २०८१/०९/ १० गते स्वीकृत भई यो कार्यविधि लागु गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम "छत्रकोट गाउँपालिका जिपलाईन संचालन कार्यविधि, २०८१" रहेको छ ।

२) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "गाउँपालिका " भन्नाले छत्रकोट गाउँपालिका सम्झनु पर्दछ।

ख) "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ।

ग) "अध्यक्ष" भन्नाले छत्रकोट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले छत्रकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ) "कार्यविधि" भन्नाले छत्रकोट गाउँपालिका जिपलाईन संचालन कार्यविधि, २०८१" सम्झनु पर्दछ।

च) "जिपलाईन" भन्नाले छत्रकोट गाउँपालिका द्वारा छत्रकोट-३,चोयगाको छत्रकोट देवालय परिसरमा स्टेशन भई छत्रकोट-३,भालुपानी मन्दिर तल ल्याण्ड हुने गरि निर्माण गरिएको साहसिक खेल अन्तर्गतको **छत्रकोट गाउँपालिका जिपलाईन** सम्झनु पर्दछ।

छ) "कार्यालय" भन्नाले छत्रकोट गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ज) " अनुगमन तथा निर्देशक समिति" भन्नाले परिच्छेद-३ बमोजिम गठित अनुगमन तथा निर्देशक समिति सम्झनु पर्दछ।

## परिच्छेद २
## कार्यविधिको उद्देश्य

१. यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ।

- छत्रकोट गाउँपालिकाको पर्यटन क्षेत्रको प्रवर्द्धन गर्नु।

- स्थानियहरूको आर्थिक समृद्धि र रोजगार सिर्जना गर्नु।
- पर्यटकहरूको अनुभवलाई थप रोचक र रोमाञ्चक बनाउनु।
- प्रकृति र साहसिक खेलको प्रवर्द्धन गर्नु।
- गुल्मी जिल्लामा साहसिक पर्यटक भित्र्याउन टेवा पुर्याउनु।
- विश्व जगतमा छत्रकोट गाउँपालिकाको चिनारी स्थापित गर्नु।

## परिच्छेद ३

## अनुगमन तथा निर्देशन समितिको गठन,काम, कर्तव्य र अधिकार

१) जिप लाईन सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण कार्यहरुको अनुगमन, समन्वय र निर्देशन गर्न तपशिल बमोजिमको अनुगमन तथा निर्देशन समितिको व्यवस्था हुनेछ।

क) गाउँपालिका अध्यक्ष- संयोजक

ख) गाउँपालिका उपाध्यक्ष-सदस्य

ग) आर्थिक विकास समितिको संयोजक-सदस्य

घ) संयोजकले तोकेको वडा अध्यहरुमध्ये १ जना वडा अध्यक्ष-सदस्य

ङ) प्रमुख प्रशासकीय अधिकृत-सदस्य सचिव

**समितिको काम कर्तव्य र अधिकार**

१. जिपलाईन सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक निर्देशन दिन सक्नेछ।
२. जिपलाईनको संचालन सम्बन्धमा अनुगमन गरि आवश्यक पृष्ठपोषण दिन सक्नेछ।
३. जिप लाईन सञ्चालन गर्ने व्यावसायिक फर्म,कम्पनी तथा संस्थाले सम्झौता बमोजिम संचालन नगरेको सम्बन्धमा सम्झौता खारेजीको लागि गाउँ कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न सक्नेछ।

## परिच्छेद ४

## जिप लाईन सञ्चालन गर्ने व्यावसायिक फर्म,कम्पनी वा संस्थाको छनौट विधि र काम, कर्तव्य र अधिकार

१) व्यावसायिक फर्म/कम्पनी/संस्था छनौटः-

१. जिपलाईन संचालनको लागि गाउँपालिकाले अनुसूची-१ बमोजिमको ढाँचामा १५ दिनको सूचना प्रकाशित गर्नेछ।
२. नियमानुसार समयावधी भित्र परेका दरखास्तको मूल्य बढाबढको आधारमा बोलपत्र मूल्याङ्कन समिति द्वारा मूल्याङ्कन गरि गाउँ कार्यपालिकामा छनौटको लागि सिफारिस गर्ने।
३. गाउँकार्यपालिका द्वारा छनौट भएको फर्म/कम्पनी/संस्था संस्था सँग अनुसूची-२ बमोजिम सम्झौता गरि अनुसूची-३ बमोजिम संचालनको लागि अनुमती पत्र प्रदान गरिनेछ।
४. सम्झौता अवधि एक आर्थिक वर्षको लागि हुनेछ।सम्बन्धित व्यावसायिक फर्म/कम्पनी/संस्थाले सन्तोषजनक रुपमा संचालन गरेको भनि अनुगमन तथा निर्देशन समिति सहमत भएमा समितिको सिफारिसमा गाउँकार्यपालिकाले सम्झौता रकममा १० प्रतिशत रकम बढाई थप एक आर्थिक वर्षको लागि सम्झौताको म्याद थप गर्न सक्नेछ।

२) व्यावसायिक फर्म/कम्पनी/संस्थाको काम, कर्तव्य र अधिकारः-

५. अनुगमन तथा निर्देशन समितिले दिएको निर्देशन अनुसार काम गर्ने गराउने।

६. जिप लाईन सञ्चालनको लागि कम्तीमा ४ जना दक्ष/ प्रशिक्षित जनशक्तिको व्यवस्था गर्नुपर्नेछ।

७. गाउँपालिकाले निर्धारण गरेको मूल्यमा टिकट काटेर मात्र यात्रु चढाउनुपर्नेछ। गाउँपालिकाले तोकेको टिकट दर भन्दा बढी मूल्य लिन पाउने छैन।

८. जिपलाइनमा भाग लिने व्यक्तिहरूको सामान्य शारीरिक क्षमताको परीक्षण तथा जानकारी लिनुपर्नेछ।

९. यात्रुहरुलाई साहासिक खेल र यसको जोखिम सम्बन्धमा काउन्सिलिङ गर्नुपर्नेछ।

१०. जिपलाईन चढ्ने यात्रुहरु र जिपलाईन संचालन गर्ने कर्मचारीहरुको कम्तिमा १० लाख बराबरको दुर्घटना बीमा गराउनुपर्नेछ।

११. जिपलाइनको ट्र्याक र गियरको समय समयमा जाँच र मर्मतसम्भार गराउनुपर्नेछ।

१२. जिपलाईन चढ्ने यात्रुहरुको सुरक्षा सुनिश्चित गर्न सम्बन्धित हेल्मेट, सेफ्टी हार्नेस, बेल्ट, र अन्य उपकरणहरूको प्रयोग अनिवार्य गर्नुपर्नेछ।

१३. जिपलाइन चलाउने कर्मचारीहरूको लागि सुरक्षा सम्बन्धी आवश्यक व्यवस्था गर्नुपर्नेछ।

१४. दुर्घटना वा आपतकालीन परिस्थितिमा समयमै उद्धार प्रतिक्रिया दिन सक्ने व्यवस्था गर्नुपर्नेछ।

१५. पर्यटकहरूको लागि आकर्षक प्याकेज अफर र छुटहरू समेत प्रवन्ध गर्न सक्नेछ।

१६. थप अतिरिक्त सेवा(जस्तै भिडियो बनाईदिने,खाजा,नास्ता तथा यातायात सेवा) उपलब्ध गराएमा अतिरक्त शुल्क लिन सक्नेछ।

## परिच्छेद ४

## गाउँपालिकाको कार्यालयको काम,कर्तव्य र अधिकार

१७. जिपलाइन सञ्चालनका लागि फर्म/कम्पनी/संस्थालाई छनौट गरि संचालनको अनुमति दिनुपर्नेछ।

१८. जिपलाइनका बारेमा सूचना फैलाउने (समाचार पत्रिका, अनलाइन मिडिया, सामाजिक सञ्जाल आदि) जिम्मेवारी गाउँपालिकाको समेत हुनेछ।

## परिच्छेद ५

## आर्थिक व्यवस्थापन सम्बन्धी व्यवस्था

१. जिपलाईन ठेक्का व्यवस्थापनको लागि गाउँ कार्यपालिकाले तोकेको न्यूनतम कबोल अंक बमोजिम ठेक्का आह्वान गर्ने।

२. फर्म/कम्पनी/संस्थाले सम्झौता गर्दा कबोल अंकको ५० प्रतिशत रकम अग्रीम रुपमा गाउँपालिकालाई बुझाउनु पर्नेछ।

३. जिपलाईन संचालन टिकटको दररेट यस आर्थिक बर्षको लागि देहायबमोजिम हुनेछ। साथै आगामी आर्थिक वर्षको लागि आर्थिक ऐनमा उल्लेख भएबमोजिम हुनेछ।

| सि.नं. | यात्रुको विवरण | दररेट रु | कैफियत |
|---|---|---|---|
| १ | छत्रकोट गाउँपालिका भित्रका नागरिक | ४०० | परिचय पत्रका आधारमा |
| २ | विद्यार्थी | ३०० | |
| २ | गाउँपालिका बाहिरका नेपाली नागरिक | ५०० | |
| ३ | विदेशी नागरिक | १५०० | |

## परिच्छेद ६
## विविध

१. जिपलाईनको ठेक्का प्रक्रियामा गई सम्झौता नभएसम्म र ठेक्का आह्वान गर्दा ठेक्का नलागेमा गाउँपालिकाले आवश्यक जनशक्तिको व्यवस्था गरेर संचालन गर्न सक्नेछ।

२. जिपलाईन संचालन सम्झौता अवधिभर जिपलाईनको मर्मत संभार परिच्छेद ४(१) बमोजिम छनौट भई सम्झौता गरेर जिपलाईन संचालन गर्ने सम्बन्धित **फर्म,कम्पनी वा संस्था**ले गर्नुपर्नेछ।

३. जिपलाईन संचालन गर्ने कर्मचारीहरुको ज्याला नेपाल सरकारले तोकेको न्यूनतम ज्याला भन्दा कम हुने छैन।

४. जिपलाईन क्षेत्रमा थप पूर्वाधार निर्माणको लागि गाउँपालिकाले आवश्यक बजेट विनियोजन गर्न सक्नेछ।

५. विषम परिस्थिति(जस्तै ठूलो वर्षा,चटयाङ, आँधी,ठूलो हुरी बतास, हिमपात वा भूकम्प जस्ता प्राकृतिक घटना भईरहेको समयमा) बाहेक जिपलाईन प्रत्येक दिन संचालन गर्नुपर्नेछ।

६. जिपलाईन सँग सम्बन्धित यस अघि भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

७. गाउँ कार्यपालिकाले यस कार्यविधिको आवश्यक संशोधन गर्न सक्नेछ।

अनुसूची-१

व्यावसायिक फर्म/कम्पनी/संस्था छनौट सम्बन्धी सूचनाको ढाँचा

छत्रकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चोयगा,गुल्मी

लुम्बिनी प्रदेश,नेपाल

**छत्रकोट जिपलाईन संचालन सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना ।**

**प्रकाशित मितिः**

छत्रकोट गाउँपालिकाको जिपलाईन संचालन सम्बन्धी कार्यविधि, २०८१ मा भएको व्यवस्था अनुसार छत्रकोट गाउँपालिकामा निर्माण सम्पन्न भएको छत्रकोट जिपलाईन आ.व. ०८१/०८२ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र योग्यता पुगेका फर्म/कम्पनी/संस्थाहरुले शिलबन्दी दरभाउपत्र/बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र/बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | आयको विवरण | आ.व. ०८१/०८२ का लागि कायम न्यूनतम अंक (कर र मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी जमानत रकम |
|---|---|---|---|---|
| | छत्रकोट जिपलाईन संचालन | रु. | रु. १०००।- | कबोल अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम |

ठेक्का सम्बन्धी शर्तहरु

१. दरभाउपत्र पेश गर्दा पेश गर्ने व्यवसाय, फर्म वा कम्पनी वा संस्थाको दर्ता, नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

२. कबोल अंकमा थप मूल्य अभिवृद्धी कर १३ प्रतिशत राजश्व लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालय र १.५ प्रतिशत अग्रिम आय कर कोष तथा लेखा नियन्त्रक कार्यालयको राजश्व शाखामा बुझाई सोको प्रमाण यस कार्यालयमा बुझाउनुपर्नेछ ।

३. धरौटी वापतको रकम यस कार्यालयको प्रभु बैंक छत्रकोट खातामा रहेको धरौटी खाता नं. २७३७०८७९२६००००४८ मा नगद दाखिला गरेको सक्कल बैक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त बैंकहरुबाट जारी भएको जमानत विड वण्डको सक्कल प्रति दरभाउपत्र साथ संलग्न राखी पेश गर्नुपर्नेछ ।

४. रित नपुगी आएका दरभाउपत्र उपर कुनै कार्वाही हुनेछैन ।

५. उपर्युक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयभित्र दरभाउपत्र खरिद गरी १६ औं दिनको १२ बजेभित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र बुझाउनुपर्नेछ । प्राप्त दरभाउपत्रहरु सोही दिनको २ बजे गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।
६. जमानत वापत दरभाउपत्र आफुले भरेको अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
७. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाह सम्बन्धी माग कार्यालयले स्वीकार्ने छैन ।
८. प्रचलित ऐन, नियम र कानून,कार्यविधि बमोजिम र सूचनाको शर्त विपरीत काम गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई कुनै हानी-नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
९. यस कार्यालयमा पेश हुन आएका दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ तर दरभाउपत्र दाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएमा कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।
१०.दरभाउपत्र फाराम रु. १०००/- राजश्व रकम तिरी छत्रकोट गाउँ कार्यपालिकाको कार्यालय, चोयगाबाट खरिद गरी पेश गर्न सकिनेछ ।
११.दरभाउपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता पूर्व प्रथम किस्ता वापत कबोल अंकको ५० प्रतिशत रकम दाखिला गर्नुपर्नेछ ।बाँकी रकम जेष्ठ मसान्त भित्र भुक्तानी गर्नुपर्नेछ।
१२.उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुनेछ र उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानून तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ । ठेक्कामा कुनै विवाद भएमा छत्रकोट गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
१३.अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ९८५७०६७९०८ तथा ईमेल- **info@chhatrakotmun.gov.np**, **chhatrakot90@gmail.com** मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अनुसूची-२

व्यावसायिक फर्म/कम्पनी/संस्था संग जिपलाईन संचालन सम्झौताको ढाँचा

**छत्रकोट गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,चोयगा,गुल्मी(यस पछि प्रथम पक्ष भनिने) र ...........फर्म/कम्पनी/संस्था(यसपछि दोस्रो पक्ष भनिएको)का व्यवस्थापक/प्रतिधिनी बीच जिपलाईन संचालनको लागि भएको सम्झौता पत्र**

श्री ...........को नाती श्री ...........को छोरा ....... जिल्ला ............ गाउँ/नगर पालिका वडा नं ....... स्थायी घर भई हाल ........जिल्ला ......... गाउँपालिका वडा नं ....... मा बसोवास गर्दै आएको वर्ष ........ को श्री .................. ले तपसिल बमोजिमको शर्तमा छत्रकोट गाउँपालिका द्वारा निर्माण भएको **छत्रकोट जिपलाईन** संचालन गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्ने गरी यस यस कार्यालयबाट प्रकाशित गरिएको मिति २०८.../../.... को ठेक्का नं .......... को सूचना बमोजिम **छत्रकोट जिपलाईन** संचालनको लागि तपाई समेतले पेश गर्नु भएको बोलपत्रको मुल्याङ्कन गर्दा आ.व.२०../०... को लागि (कर र अग्रीम आयकर सहित) रु. ..... (अक्षरेपी : ..........)मा तपाईसंग ठेक्का सम्झौता गर्ने मिति २०८.../../... मा यस गाउँपालिकाबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलका शर्त बमोजिम जिपलाईन संचालन गर्न ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु।तपसिलमा लेखिए वमोजिमको शर्तमा कुनै घटी बढी नपारी कामकाज गर्ने गरि मिति २०../.../... मा पहिलो पक्षलाई सम्पूर्ण/५० प्रतिशत रकम एकमुष्ट/... रु. .... (अक्षरेपी : ....., मु.अ.कर तथा आयकर सहित) बुझाई बाँकी रकम मिति २०..।...।... सम्म बुझाउने गरि मिति २०.../../... देखि मिति २०... असार मसान्त सम्म आ.व.२०.../०... को लागि ठेक्का चलाउने छु।पछि मैले गरेको सम्झौता उपर कुनै उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनि मेरो मनोमानी राजीखुशीसंग चलनको कबुलियत लेखि यस कार्यालयमा बुझाएको छु।

<u>तपसिल</u>

१. छत्रकोट जिपलाईन संचालन गर्नका लागि छत्रकोट गाउँपालिकाले तोकेको टिकट दररेटमा जिपलाईन संचालन गरि आय सङ्कलन गर्ने गरी छत्रकोट गाउँपालिका लाई अग्रिम एकमुष्ट/... रकम बुझाएको छु।बाँकी रकम ...........सम्म भुक्तानी गर्नेछु।
२. सो जिपलाईन संचालन गर्न छत्रकोट गाउँपालिकाको कार्यालयबाट निर्धारण दर बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इत्यादि थप गरि लिने छैन।गाउँपालिकाको अनुगमन तथा निर्देशन समितिवाट अनुगमन तथा नियमन हुँदा कुनै अनधिकृत रकम असुल उपर गरेको पाईएमा नियमानुसर कारवाही र सजाय भएमा मलाई मञ्जुर छ।

**दोस्रो पक्षले पालना गर्नुपर्ने सर्तहरुः**

१. जिप लाईन सञ्चालनको लागि कम्तीमा ४ जना दक्ष/ प्रशिक्षित जनशक्तिको व्यवस्था गर्नुपर्नेछ।
२. गाउँपालिकाले निर्धारण गरेको मूल्यमा टिकट काटेर मात्र यात्रु चढाउनुपर्नेछ।गाउँपालिकाले तोकेको टिकट दर भन्दा बढी मूल्य लिन पाउने छैन।टिकदर देहायबमोजिम हुनेछ।

| सि.नं. | यात्रुको विवरण | दररेट रु | कैफियत |
|---|---|---|---|
| १ | छत्रकोट गाउँपालिका भित्रका नागरिक | | परिचय पत्रका आधारमा |
| २ | विद्यार्थी | | |
| २ | गाउँपालिका बाहिरका नेपाली नागरिक | | |
| ३ | विदेशी नागरिक | | |

३. जिपलाइनमा भाग लिने व्यक्तिहरूको सामान्य शारीरिक क्षमताको परीक्षण तथा जानकारी लिनुपर्नेछ।

४. यात्रुहरुलाई साहासिक खेल र यसको जोखिम सम्बन्धमा काउन्सिलिङ गर्नुपर्नेछ।

५. जिपलाईन चढ्ने यात्रुहरु र जिपलाईन संचालन गर्ने कर्मचारीहरुको कम्तिमा १० लाख बराबरको दुर्घटना बीमा गराउनुपर्नेछ।

६. जिपलाइनको ट्र्याक र गियरको समय समयमा जाँच र मर्मतसम्भार गराउनुपर्नेछ।

७. जिपलाईन चढ्ने यात्रुहरुको सुरक्षा सुनिश्चित गर्न सम्बन्धित हेल्मेट, सेफ्टी हार्नेस, बेल्ट, र अन्य उपकरणहरूको प्रयोग अनिवार्य गर्नुपर्नेछ।

८. जिपलाइन चलाउने कर्मचारीहरूको लागि सुरक्षा सम्बन्धी आवश्यक व्यवस्था गर्नुपर्नेछ।

९. दुर्घटना वा आपतकालीन परिस्थितिमा समयमै उद्धार प्रतिक्रिया दिन सक्ने व्यवस्था गर्नुपर्नेछ।

१०. पर्यटकहरूको लागि आकर्षक प्याकेज अफर र छुटहरू समेत प्रवन्ध गर्न सक्नेछ।

११. थप अतिरिक्त सेवा(जस्तै भिडियो बनाईदिने,खाजा,नास्ता तथा यातायात सेवा) उपलब्ध गराएमा अतिरक्त शुल्क लिन सक्नेछ।तर जिपलाईन मात्र चढ्ने यात्रुको हकमा जवरजस्ती/व्यक्तिको इच्छा विपरित अन्य सेवा लिन बाध्य पार्न पाईने छैन।

१२. जिपलाईन संचालन सम्झौता अवधिभर जिपलाईनको मर्मत संभार **दोस्रो पक्ष**ले गर्नुपर्नेछ।

**पहिलो पक्षको तर्फवाटः**

१. जिपलाईन संचालनको सम्बन्धमा अनुगमन तथा नियमन गरि दोस्रो पक्षलाई आवश्यक पृष्ठपोषण दिनुपर्नेछ।

२. जिपलाइनका बारेमा सूचना फैलाउने (समाचार पत्रिका, अनलाइन मिडिया, सामाजिक सञ्जाल आदि) जिम्मेवारी समेत हुनेछ।

**फर्म कम्पनी संस्थाको तर्फवाट**
हस्ताक्षर:
नाम:
पद :

**गाउँपालिकाको तर्फवाट**
हस्ताक्षर:
नाम:
पद : प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

व्यावसायिक फर्म/कम्पनी/संस्था संग जिपलाईन संचालन अनुमती पत्रको ढाँचा

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चोयगा,गुल्मी

लुम्बिनी प्रदेश,नेपाल
मितिः-

विषयः- अनुमती दिईएको सम्बन्धमा।

श्री (फर्मको नाम /ठेगाना)।

प्रस्तुत विषयमा यस छत्रकोट गाउँपालिका द्वारा **छत्रकोट जिप लाईन** निर्माण सम्पन्न भई संचालनको लागि ठेक्का आह्वान गरिएकोमा तहाँको फर्म/कम्पनी/संस्था छनौट भई मिति ........ मा सम्झौता गरिएकोले सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रहि मिति....... देखि मिति ...... सम्म उक्त जिपलाईन संचालन गर्नको लागि अनुमती दिईएको छ।

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले
रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत